# भरतपुर महानगर प्रज्ञा प्रतिष्ठान

**भरतपुर महानगरपालिका**

**भरतपुर चितवन, वागमती प्रदेश, नेपाल**

**स्था: २०७८**


प.सं.:

च.नं.: २०८०/०८१_३५

मिति : २०८०।६।३०

**भरतपुर महानगर प्रज्ञा–प्रतिष्ठानबाट प्रदान गरिने विभिन्न पुरस्कारका लागि कृति आह्वान सम्बन्धी सार्वजनिक सूचना**

भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानले भरतपुर महानगरपालिका वा चितवन जिल्लालाई आधार बनाई यहाँको भाषासाहित्य, कलासंस्कृति, ऐतिहासिक, पुरातात्विक क्षेत्रमा खोज, अनुसन्धान, अन्वेषण गरी प्रकाशित भएका, उत्कृष्ट ठहरिएका मौलिक कृतिलाई नगद राशि रू पचास हजार अठहत्तर सहित एक जनालाई **चित्रवन प्रज्ञा पुरस्कार**, काव्य, आख्यान, नाटक र निबन्ध विधाका उत्कृष्ट ठहरिएका मौलिक साहित्यिक कृतिलाई अलगअलग विधागतरूपमा एक-एकजना गरी चारजनालाई प्रति स्रष्टा नगद राशि रू पच्चीस हजार अठहत्तर सहित **भरतपुर महानगर प्रज्ञा पुरस्कार** र नारी स्रष्टाहरूले प्रकाशन गरेका जुनसुकै विधाका कृतिहरू मध्येबाट उत्कृष्ट ठहरिएका मौलिक साहित्यिक कृतिलाई नगद राशि रू पच्चीस हजार अठहत्तर सहित एकजनालाई प्रदान गरिने गरी **वागीश्वरी प्रज्ञा पुरस्कार** स्थापना गरेको व्यहोरा सहर्ष जानकारी गराउँछौ ।

प्रज्ञाप्रतिष्ठानद्वारा दोस्रोपटक प्रदान गर्न लागिएको उपर्युक्त पुरस्कारहरू मध्ये **चित्रवन प्रज्ञा पुरस्कार**का लागि नेपालभरका जो कोही स्रष्टाका र **भरतपुर महानगर प्रज्ञा पुरस्कार** र **वागीश्वरी प्रज्ञा पुरस्कार**का हकमा भरतपुर महानगरबासी स्रष्टा स्वयम् वा प्रकाशकले सम्वत् २०७९ सालमा प्रकाशन भएका ३ प्रति पुस्तकहरू २०८० मङ्सिर मसान्तसम्ममा प्रज्ञाप्रतिष्ठानको सचिवालयमा आइपुग्ने गरी दर्ता गराउनु हुन सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

तोकिएको समयभित्र दर्ता भएका पुस्तकहरू मूल्याङ्कन समितिको सिफारिसलाई आधार मानी प्रज्ञाप्रतिष्ठानको प्राज्ञपरिषद्ले निर्णय गरी पुरस्कृत कृतिको घोषणा गरिनेछ । पुरस्कार प्रदान गरिने मिति र कार्यक्रम पछि जानकारी गराइनेछ ।

**थप जानकारी तथा सोधपुछका लागि**

सदस्य सचिव श्री बालकृष्ण थपलिया

मोवाइल नं. ९८४५०५११२७

इमेल : pragyapratisthanbhr078@gmail.com

श्री सूचना शाखा : महानगरको वैभ पेजमा सूचना अपलोड गरि वडा कार्यालयहरुमा समेत पत्राचार गरिदिनु हुन अनुरोध गर्दछु ।

बालकृष्ण थपलिया
सदस्य सचिव
भरतपुर महानगर प्रज्ञाप्रतिष्ठान

**सदस्य सचिव**




CamScanner